# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
**(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)**

**बैठक संख्या- ५२**

**मिति २०७७/१२/१९**

## निर्णयहरू

१. सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद ऐन २०६४ को दफा ६५ (१) को खण्ड (ख) ले ई.पि.सि. खरिद विधिका लागि निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्नुपर्ने, सोही दफाको खण्ड (ग) अनुसार पूर्व योग्यता सम्बन्धी कागजात (Pre-Qualification (PQ) documents) को नमूना तयार गर्नुपर्ने व्यवस्था गरेकोमा हालसम्म निर्देशिका वा कार्यविधि वा मार्गदर्शन नबनाएको अवस्थामा न्यूनतम तीनवटा फर्म वा कम्पनीहरु पूर्व योग्यता परीक्षणबाट बोलपत्र तथा प्रस्तावको चरणमा प्रतिस्पर्धी हुने सुनिश्चितता गरी पूर्व योग्यता, बोलपत्र वा प्रस्ताव आव्हान सम्बन्धी उपयुक्त निर्देशिका, कार्यविधि वा मापदण्ड तयार गरी उपलब्ध गराउन सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन दिने ।

२. काठमाडौं-तराई Fast track को टनेल र ब्रिज (Expressway) को ई.पि.सि. Contract Pre-Qualification (PQ) प्रकरणका दुई प्याकेज मध्ये दोस्रो प्याकेजका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रस्तावना अनुसार प्रतिष्पर्धा, पारदर्शिता र मितव्ययिता सुनिश्चित हुने गरी खरिद प्रक्रिया सञ्चालन नभएकोले बोलपत्रमा प्रतिष्पर्धा निषेध गरेको देखिँदा पूर्व योग्यताको लागि अघि बढाइएको प्याकेज KTFT/ICB/PQ/TUNNEL/076/077-2 (ICB No.: KTFT/ICB/PQ/TUNNEL/076/077-2) को खरिद प्रक्रिया रद्द गरी पुन: नियमानुसार पूर्व योग्यताका लागि खरिद प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई निर्देशन दिने ।